तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ०९ मितिः २०८०/०९/२६ गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## परम्परागत उद्योग (आरन) व्यवस्थापन तथा सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** तमानखोला गाउँपालिका आरन व्यवसायको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको पालिका हो । यहाँका अधिकांश मानिसहरुले मुख्य पेशाको रुपमा आरन व्यवसायलाई अवलम्बन गरेका छन् । यसरि यस पालिका भित्र कृषि कर्ममा आवश्यक पर्ने हसिया, कुटो, कोदालो, गैती, झार गोडने दाँती, खुर्पी जस्ता साना औजारहरु तथा घरायसी प्रयोजनमा प्रयोग हुने धातु तथा फलामका भाँडाकुडाहरुको निर्माण र मर्मत कार्य खलाती वा सानो आरन पंखाको सहयोगमा स्थानीय स्तरमा पुरानै शैली र परम्परागत तरिकाले हुदै आएकोले नयाँ पुस्ताहरुको आकर्षणको व्यवसाय बन्न नसकेको, उत्पादन गरिने साना औजारहरुसँग प्रतिस्पर्धा गर्न नसकेको र उद्योगका रुपमा रुपान्तरण हुन नसक्दा लोप हुँदै गईरहेको परिपेक्ष्यमा स्तरीकरण गर्दै आधुनिकिकरण गर्नका लागि तमानखोला गाउँकार्यपालिकाको स्वीकृत वार्षिक कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तमानखोला गाउँकार्यपालिकाले देहाय बमोजिमको कार्यविधि जारी गरेको छ ।

परिच्छेद -१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "परम्परागत उद्योग आरन संचालकहरुलाई व्यवस्थापन तथा सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

क) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिवाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) कार्यक्रम भन्नाले परम्परागत उद्योग आरन संचालकहरुलाई व्यवस्थापन तथा सहयोग कार्यक्रम सम्झनु पर्छ ।

**ख)** "गाउँपालिका" भन्नाले तमानखोला गाउँपालिकालाई सम्झनु पर्दछ ।

**ग)** "अध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

**घ)** "उपाध्यक्ष" भन्नाले तमानखोला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

**ङ)** "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

**च)** "वडा कार्यालय भन्नाले" तमानखोला गाउँपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

छ) "समिति" भन्नाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को दफा ५२ बमोजिम गठन गरिएको उद्यम विकास समिति सम्झनु पर्दछ ।

**३. उद्देश्यहरु :**

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

क) कृषि प्रयोजनका लागि आवश्यक पर्ने स-साना कृषि औजारहरुको अनुसन्धान, उत्पादन र मर्मत सुधार गरी स्थानीय स्तरमा त्यस्ता घरेलु कृषि औजारहरको आपुर्ति र सो को गुणस्तरीय मर्मत सेवा सुनिस्चित गर्ने,

ख) स-साना कृषि यन्त्रहरुको मर्मत सेवा समेत प्रदान गर्न सक्ने गरी सानो कृषि यन्त्रशालाको स्थापना गर्दै घरेलु उद्योगको रुपमा विकास गर्ने,

ग) घरायसी प्रयोजनका लागि प्रयोग गरिने धातु तथा फलामका भाँडा निर्माण गर्ने ।

घ) लोपोन्मुख अवस्थामा रहेका आरन उद्योगहरुको संरक्षण, प्रवर्द्धन र विकास गर्ने, ।

ङ) कृषि यान्त्रीकरणमा प्रवर्द्धन गर्ने ।

परिच्छेद-२

कार्यक्रम सञ्चालनका विधि

**४. कार्यक्रम सञ्चालनका भौगोलिक क्षेत्रहरुः** कार्यक्रम बागलुङ जिल्लाको तमानखोला गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरिनेछ ।

**५. सूचना प्रकाशन तथा प्रस्ताव छनौटः** १) यस कार्यक्रम सञ्चालनका लागि तमानखोला गाउँपालिकाको कार्यालयले ७ दिने सूचना प्रकाशन गर्नेछ साथै वडा कार्यालयमा सूचना टाँस गरी जानकारी गर्नेछ ।

२) अनुसूचि-१ बमोजिमको ढाँचामा निवेदन तथा तोकिएको कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी आवेदकले सूचनामा तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

**६. अनुदान दिने प्रकृया:** १) प्रस्तावकले आरन सञ्चालन गर्दै आएको हुनु पर्नेछ ।

२) प्रस्तावकले कृषि कर्ममा प्रयोग हुने औजार उपकरणहरु तथा घरायसी काममा प्रयोग गरिने भाँडाहरु नियमित रुपमा उत्पादन,मर्मत तथा बिक्री वितरण गरिरहेको हुनु पर्नेछ ।

३) कार्यक्रम सञ्चालनको लागि व्यवसाय दर्ता गरेका अनुदान ग्राहीको आवश्यकता पहिचानको आधारमा १००% अनुदानमा सामाग्रि उपलब्ध गराईने छ ।

**७. भुक्तानीको लागि पेश गर्नु पर्ने कागजात:** १)रकम भुक्तानीको लागि देहायबमोजिमका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ :-,

क) तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

ख) कार्यसम्पन्न प्रतिवेदन,

ग) विल विजकहरुको सक्कल प्रतिलिपि,

घ) खरिद गरिएका उपकरणहरुको फोटो,

## परिच्छेद-३

## कार्यक्रमको समन्वय, अनुगमन तथा मुल्याङ्कन व्यवस्था

**८. अनुगमनको व्यवस्था:** १) कार्यक्रमको अनुगमन उद्यम विकास समिति ले गर्न सक्नेछ ।

**९.बाधा अड्काउ फुकाउने :** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरि फुकाउन सक्नेछ ।

**१०.** परिमार्जन तथा संशोधन कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले गरिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

**अनुसूची-१**

(दफा ५ को उपदफा(२) सँग सम्बन्धित)

**आरन व्यवस्थापन अनुदान माग गरी दिईने निवेदन ढाँचा**

श्री...................... मिति.............................

..............................।

विषय: आरन व्यवस्थापन अनुदान सहयोगका लागि प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत विषयमा तहाँबाट मिति.................................मा प्रकाशित सूचना अनुसार आरन व्यवस्थापनका लागि मलाई तपसिल अनुसारको सामाग्रि आवश्यक भएको हुनाले तोके बमोजिमका कागजातहरु संलग्न राखी मैले मेरो आरन व्यवसाय व्यवस्थापनको लागि मलाई आवश्यक पर्ने सामाग्रि माग गर्दै यो निवेदन पेश गरेको छु ।

तपसिल सामाग्रिहरु

१.

२.

३.

४.

निवेदक

नामथर ..................

ठेगाना .................

**संलग्न कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणपत्र

२. स्थानीय तहमा आरन उद्योग दर्ताको प्रमाणपत्र (करारमा लिएको जग्गा भए कानून बमोजिम तयार भएको करारनामा कागजको प्रमाणित प्रतिलिपि)

३. आरन उद्योग रहेको जग्गाको जग्गा धनि प्रमाण पुर्जा र जग्गा धनिको नागरिकता प्रमाणपत्र

४.आरन उद्योग रहेको जग्गाको गत आ.व. को कर तिरेको रसिदको प्रतिलिपि

५. तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि

६. वडाको सिफारिस

## अनुसूची-२

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

खण्ड-क

**प्रस्ताव ढाँचा**

१. प्रस्तावक संस्थाको
नामः.............................................................................................................
२. परियोजना स्थालको ठेगानाः जिल्ला.............................. गा.पा...................... वडा नं. ....................... टोल ....................................
३.परियोजना सञ्चालक (प्रोप्राइटर) को नामः ....................................................
४. ठेगानाः जिल्ला...................... गा.पा/न.पा./उप.म.न.पा. ..................................... ......................... वडा नं............ टोल ........................
५.परियोजना सञ्चालकको सम्पर्क नम्बर( २ वटा सम्पर्क नम्बर दिनु पर्नेछ )
६. परियोजना दर्ता भएको कार्यालय ........................................................................
दर्ता नं............................... मिति.....................................................
७. आरन सञ्चालन कैले बाट शुरु भएको हो मिति उल्लेख गर्नेः ...........................
११. बाटो, विजुली र सञ्चार सेवा उपलब्ध छ छैन ........................................................
१२ं जग्गा उपलब्ध छ/छैन ..................... छ भने कस्तो किसिमको जग्गा छ( आफ्नै,सार्वजनिक/पर्ती,भाडामा लिएको).................................................
१३. कति वर्ष देखि आरन व्यवसाय गर्दै आउनु भएको छ ......................................................
१४) शैक्षिक योग्यता कति छ ......................................................
१५. सामाजिक समावेशी (महिला, दलित ,अन्य)............................................
१६.कस्तो वातावरणमा आरन व्यवसाय सञ्चालन गर्नु भएको छ (सकरात्मक,तटस्थ,हल्का नकरात्मक) ..................................................................................

**खण्ड -ख**

**वडा कार्यालयको सिफारिस**

....................... को सूचना बमोजिम अनुदान पाउँ भनी निवेदकले उल्लेख गरेको उपरोक्त विवरणहरु ठिक छन । ..................................... को लागि निज श्री .................................... बाट पेश भएको निवेदन बमोजिम अनुदान सामाग्रि उपलब्ध गराई दिनु हुन सिफारिस साथ अनुरोध छ ।

सिफारिस कर्ताको नाम मिति
पद वडा कार्यालयको छाप
दस्तखत

आज्ञाले,

ईश्वरलाल शाक्य

प्रमुख प्रशासकीय अधिकृत